संघीय संसद

# प्रतिनिधि सभा

# सार्वजनिक लेखा समिति

## बैठक संख्या-७

मितिः-२०८०/०४/१४ गते आइतबार

## निर्णयहरु

१. समितिको आजको बैठकले आन्तरिक कार्यविधि मस्यौदा उपसमितिका संयोजक लगायत उपसमितिका सम्पूर्ण सदस्यहरुलाई धन्यवाद व्यक्त गर्दै “समितिको आन्तरिक कार्यविधि, २०८०” आवश्यक परिमार्जनसहित पारित गऱ्यो ।

२. हालसालै त्रिभुवन विमानस्थलमार्फत् गैरकानूनी प्रक्रियाबाट ठुलो परिमाणमा भित्रिएको सुन प्रकरणमाथि तत्कालै स्वतन्त्र र निष्पक्ष छानबिन गर्न अधिकार सम्पन्न एक उच्चस्तरीय छानविन समिति गठन गर्न, गराउन समितिको यो बैठक नेपाल सरकारको गम्भीरतापूर्वक ध्यानाकर्षण गराउँदछ ।

३. तराई क्षेत्रमा न्यून वर्षाका कारण एवं सम्झौताबमोजिम गण्डक नहरमा पानी उपलव्ध नभएको कारण यस क्षेत्रमा मुख्य बाली धान रोपाई हुन सकेको छैन । यसतर्फ नेपाल सरकारको गम्भीरतापूर्वक ध्यान जान जरुरी छ । त्यसैगरी तराई क्षेत्रमा खानेपानीको समेत चरम अभाव हुन गएकोले आधारभूत आवश्यकताको रुपमा रहेको खानेपानीलाई प्रथामिकताका साथ यथाशीघ्र उपलव्ध गराउने गरी व्यवस्थापन गर्न,गराउन साथै सुख्खा क्षेत्र घोषणा गर्ने सम्बन्धमा आवश्यक अध्ययन गर्न गराउन र सिंचाईको अभाव सम्बोधन गर्न वैकल्पिक व्यवस्थापनको तत्कालिन र दीर्घकालीन कार्ययोजाना बनाई कार्य गर्न गराउन समितिको यो बैठक नेपाल सरकार एवं सम्बन्धित मन्त्रालयलाई निर्देश गर्दछ ।

४. त्यसैगरी प्रतिनिधि सभा अन्तर्गतका विषयगत समितिहरु गठन भएको तीन महिना बितिसक्दा पनि समितिहरुले नेतृत्व प्राप्त गर्न नसकेको विषयमा यस समितिको गम्भिर ध्यानाकर्षण भएको छ ।

५. समितिको अर्को बैठक सूचना भएपछि बस्ने गरी यो बैठक स्थगित हुन्छ ।